# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

प्रसौनी गाउँपालिका कार्यपालिकाको कार्यालय प्रसौनी, बारा मधेश प्रदेश, नेपाल २०७३

प.स.:-०८०।०८१
च.नं.:-

मिति :-२०८०।०४।०३

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ बमोजिम **आ.व. २०८०।०८१** मा भत्ता प्राप्त गर्नका लागि आफ्नो सामाजिक सुरक्षा परिचयपत्र अनिवार्य नवीकरण गर्नुपर्ने भएकोले गत आर्थिक वर्षमा भत्ता खाईपाई आएका सम्पूर्ण लाभग्राहीहरुले देहाय अनुसारको कागजात सहित आ-आफ्नो वडा कार्यालयमा **मिति २०८० भदौ मसान्त भित्र** तोकिएको ढाँचामा निवेदन दिई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु गराउनु हुन अनुरोध छ । साथै परिचयपत्र नवीकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीको बैंक खाता समेत अद्यावधिक गर्न गराउन अनुरोध छ ।

**नोट :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउन हुन ।

2080।04।03

**देहायका आवश्यक कागजातहरु**

- सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपी
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी र संरक्षकको नेपाली नागरिकताको प्रतिलिपी
- अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचय-पत्रको प्रतिलिपी
- विधवा महिलाको हकमा अर्को विवाह नगरेको वडाको सिफारिस
- हालै खिचेको पासपोर्ट साईजको फोटो
- चेकबुकको खाता नम्बर देखिने गरीको प्रतिलिपी

सुरेश कुमार साह
नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner